२०१२ निर्वाचन

२०१२ निर्वाचन जाँचसूची

के तपाईं यु.एस. को नागरिक हुनुहुन्छ, निर्वाचनको दिनमा कम्तिमा पनि १८ वर्ष पुग्नुहुनेछ, र मत खसाल्नको लागि आफ्नो राज्यको बोसोबास आवश्यकताहरू पूरा गर्नुभएको छ? यदि छ भने, नोभेम्बर ६मा मत खसाल्न पाउने मौलिक अधिकारको प्रयोग गर्नुहोस्! तपाईं मतदान गर्न तयार हुनुहुन्छ भनेर पक्का गर्नको लागि यहाँ छोटा जाँचसूची रहेको छ।

- [ ] **के तपाईं मतदानको लागि दर्ता हुनुभएको छ?**
- [ ] **के ताईंलाई दर्ता गर्ने अन्तिम मितिको बारे थाहा छ?**
- [ ] **के तपाईंलाई आनो निर्वाचन हुने स्थान र समय थाहा छ?**
- [ ] **के तपाईंको इलाकाले दक्षिण एशियाली भाषाहरूमा निर्वाचनको जानकारी प्रदान गर्छ? केही दक्षिण एशियाली भाषाहरूमा जानकारीहरू र दोभाषेहरू कुक काउन्टी (Cook County), IL; ह्याम्ट्राम्याक (Hamtramck), MI; लस एन्जलस काउन्टी (Los Angeles County), CA; न्यू जर्सी (New Jersey); र क्वीन्स काउन्टी (Queens County), NY मा उपलब्ध हुनेछन्।**
- [ ] **के तपाईंलाई आफ्नो मतदाता परिचय पत्र (भोटर आइडी) (ID) आवश्यकताहरू बारे थाहा छ?**
- [ ] **के तपाई उम्मेद्वारहरू, तिनीहरूको मुद्दाहरू, र स्थानीय निर्वाचनका विषयवस्तुहरू बारे सचेत हुनुहुन्छ?**

तपाईंलाई निर्वाचनको दिनमा मतदान दिन मद्दत गर्ने श्रोतहरूको लागि, यो पोस्टकार्टलाई पल्टाउनुहोस्

saalt
SOUTH ASIAN AMERICANS LEADING TOGETHER

यदि तपाईंसँग प्रश्नहरू भएमा, कृपया साल्ट (SAALT) लाई *INFO@SAALT.ORG* मा इमेल पठाउनुहोस वा हाम्रो वेबसाइट *WWW.SAALT.ORG* मा जानुहोस्।

चित्रहरूको श्रोत Rini Art®

२०१२ निर्वाचन

सूचित रहनुहोस् र संलग्न हुनुहोस्

तपाईंको समूदाय र राष्ट्रको मामिलाहरूमा तपाईंको आवाज पुग्नको लागि चुनाव अत्यन्त महत्त्वपूर्ण हुन्छ। संलग्न हुनुहोस् र हाम्रो प्रजातन्त्रको एउटा भाग बन्नुहोस्!

१. मतदान को लागि दर्ता गर्नुहोस् र अरूलाई दर्ता गराउन मद्दत गर्नुहोस्

- के तपाईंलाई आफ्नो राज्यमा कसरी दर्ता गर्ने भन्ने बारे जानकरी चाहिन्छ? यहाँ जानुहोस्***www.866ourvote.org/state***.
- स्थानीय मतदाता दर्ता कार्यक्रममा स्वयम् सेवा गर्नुहोस्। दर्ता गर्न वा स्थानीय निष्पक्ष प्रयासहरूमा संलग्न हुन सहयोगको लागि साल्ट (SAALT) लाई ***info@saalt.org*** मा सम्पर्क गर्नुहोस्।

२. तपाईंको आफ्नो मतदान अधिकार बारे थाहा पाउनुहोस् र अरूको अधिकारको सुरक्षा गर्नुहोस्

- के तपाईंले मतदान दिनको लागि परिचय पत्र (आइडी) ल्याउनु पर्छ? तपईंको राज्यको आवश्यकताहरू ***www.866ourvote.org/state*** मा गएर हेर्नुहोस।
- के तपाईंको अङ्ग्रेजी राम्रो छैन? अनुवाद गर्न सहयोगको लोगि तपाईंको चाहेको व्याक्तिलाई (तपाईंको रोगजारदाता वा संगठन प्रतिनिधि बाहेक) मतदान बूथमा ल्याउनुहोस्। केही अधिकारक्षेत्रहरूमा, अनुवाद गरिएका औपचारिक निर्वाचन जानकारीहरू र केही दक्षिण एशियाली भाषाहरूमा दोभाषे पोल कामदारहरू उपलब्ध हुनेछन्।
- निर्वाचनको दिनमा समस्याहरू आएमा के गर्ने? १-८६६-OUR-VOTEमा फोन गर्नुहोस्। निर्वाचन मनिटरको रूपमा बहु–राज्य निर्वाचन सुरक्षा परियोजनामा स्वयम् सेवा गर्नुहोस। निर्वाचन उपदेशक कसरी बन्ने भन्ने बारे जान्नको लागि ***www.aaldef.org*** मा गएर २०१२ को निर्वाचन केन्द्रमा जानुहोस्।

३. निर्वाचनको दिनमा पोल कामदार वा सहायक बन्नुहोस्

- निर्वाचनहरूको प्रबन्ध मिलाउन वा मतदाताहरूको लागि अनुवादन गर्न चाहनुहुन्छ? पोल कामदार कसरी बन्ने भन्ने बारे जान्नको लागि ***www.eac.gov*** मा गएर निर्वाचकहरूको लागि श्रोतहरू हेर्नुस्।

थप जान्न चाहनुहुन्छ? मतदाताहरू अधिकार र आवश्यकताहरू बारे साल्ट (SAALT) को तथ्यपानाहरू, निर्वाचनको प्रक्रिया, र कसरी संलग्न हुने जानकारीको लागी **WWW.SAALT.ORG** मा जानुहोस्।

saalt
SOUTH ASIAN AMERICANS LEADING TOGETHER

साउथ एसियन अमेरिकनस् लिडिङ्ग टुगेदर
www.saalt.org ◆ *info@saalt.org*

चित्रहरूको श्रोत Rini Art®